सियारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हर्नैया, रुपन्देही

# सियारी गाउँपालिकाको आ.व. २०८३/०८४ को

# नीति तथा कार्यक्रम

गाउँसभामा पेश भएको मिति : २०८३।०३।०३

गाउँसभाबाट पारित भएको मिति : २०८३।०३।०८

"कृषि, पर्यटन र दिगो पूर्वाधारयुक्त नगरी : समावेशी, मर्यादित, स्वच्छ र समृद्ध सियारी"

## सियारी गाउँपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

सभाका सदस्यज्यूहरु

जनताको प्रत्यक्ष सरोकार राख्ने र जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा स्थानीय सरकार रहेको हुँदा सियारी गाउँपालिकाले संविधानको मूल मर्म समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गर्दै कार्य सम्पादन गरिरहेको छ । हामीले जनतालाई केन्द्रमा राखी नीति तथा कार्यक्रमहरु संचालन गर्दै उत्कृष्ट स्थानीय सरकारको रुपमा आफूलाई अब्बल सावित गरेको विदितै छ । विभिन्न कालखण्डमा नागरिकको अधिकारको लागि सहादत हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु तथा गत भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनमा सहादत हुने सम्पूर्ण सहिदहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै सम्मानित गाउँसभाको १९ औं अधिवेशनको पहिलो बैठकमा आ.व. ०८३/०८४ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई गर्वको अनुभूती भएको छ ।

विश्वका ठूला शक्तिराष्ट्रहरुको द्धन्द्धको कारण हाल हाम्रो देशमा उत्पन्न आर्थिक शिथिलताको कारणल बढ्दो महङ्गीले समग्र देशको अर्थतन्त्रलाई गम्भिर असर पारेको हुँदा हरेक क्षेत्रमा अर्थतन्त्रको प्रभाव परेको छ । स्थानीय सरकारसँग नागरिकहरुको असिमित अपेक्षाहरु रहेका हुन्छन नागरिकको असिमित अपेक्षालाई पुरा गर्न गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको सिमित बजेटको परिधिमा रही नागरिकको वृहत्तर हितको लागि आफ्नो स्रोत साधनलाई अधिकतम परिचालन गर्ने गरी वस्तुपरक नीति तथा कार्यक्रमहरु तर्जुमा गरेका छौ। नीति तथा कार्यक्रमको विभिन्न विद्धत वर्ग, व्यवसायी, सञ्चारकर्मी, राजनीतिक दल, नागरिक समाज, शिक्षक, विभिन्न संघ संस्था, पूर्व जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारी लगायत गाउँपालिकाका विभिन्न महानुभावहरुबाट प्राप्त सुझाव तथा हामीले तयार गरेको अनलाईन माध्यम मार्फत महत्वपूर्ण राय सुझाव समेतलाई मध्य नजर गर्दै पूर्वाधार निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी, विपद् व्यवस्थापन लगायतका क्षेत्रहरुलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । नीति तथा कार्यक्रमको लागि आफ्नो महत्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । नीति तथा कार्यक्रम तय गर्दा विगतका वर्षहरुको अनुभव, विभिन्न महानुभावहरुले दिनुभएको अमूल्य राय सुझाव, मध्यमकालिन खर्च संरचना, गाउँपालिकाको आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको सिफारिस समेतलाई आधार लिईएको छ । नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

सम्मानित यस सभामा पेश हुने नीति तथा कार्यक्रममा व्यापक छलफल गरी वस्तुनिष्ठ र यथार्थपरक नीति तथा कार्यक्रम पारित हुने अपेक्षा गर्दै आ.व.०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**विद्यमान परिवेशः**

**राजनीतिकः**

सियारी गाँउपालिका आफ्नो छुट्टै पहिचान बोकेको विविधतायुक्त गाउँपालिकाको रुपमा रहेको छ । रुपन्देही जिल्लाको मध्यभागमा अवस्थित यो गाउँपालिका लुम्विनी प्रदेश रुपन्देही जिल्लाको बीच भाग भएर बग्ने सियारी नदीको नामवाट नामाकरण गरिएको हो । पूर्वमा तिनाउ नदी, पश्चिममा दानव नदी र बीचमा सियारी खोला रहेको यस गाउँपालिकाको आफ्नो छुट्टै पहिचान रहेको छ। यस गाउँपालिकामा विभिन्न ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरुको साथै विभिन्न जातजातीहरुको कलासंस्कृतियुक्त गाउँपालिकाको रुपमा रहेको छ । माछा उत्पादनमा आत्मनिर्भर यस गाउँपालिका छपियाको माछाको नामले देशभर प्रख्यात रहेको छ । कृषिमा प्रचुर सम्भावना भएको हुँदा गाउँपालिकाले कृषि क्षेत्रमा उल्लेखनीय लगानी समेत गरेको छ । साविकका गा.वि.स.हरु (चिल्हिया, मैनहिया, हर्नैया, दयानगर र पश्चिम अमवा) लाई समावेश गरी जम्मा ७ वडा कायम गरी सियारी गाउँपालिकाको स्थापना भएको थियो ।

२०७८ सालको जनगणना अनुसार सियारी गाउँपालिकाको कूल जनसंख्या ४४ हजार ९ सय ८५ रहेको छ । सामाजिक, साँस्कृतिक, प्राकृतिक, जैविक विविधताले भरिपूर्ण रहेको यस गाउँपालिकामा व्राम्हण, क्षेत्री, थारु, मगर, विश्वकर्मा, गुरुङ्ग, यादव, मल्लाह, केवट, लोध लगायत बिभिन्न प्रकारका जातीहरुको वसोवास रहेको छ भने नेपाली, थारु, मगर, अवधि, भोजपुरी मैथली जस्ता विभिन्न भाषाहरु यस क्षेत्रमा वसोवास गर्ने मानिसहरुको मातृभाषा रहेको छ । यो गाउँपालिकामा फरक फरक जातजाती, धर्म सँस्कृती र भेषभुषा भएपनि विविधता बीचको सद्भाव र आपसी सहिष्णुताले गर्दा अनेकतामा एकताको अनुकरणीय नमुनाको रुपमा स्थापित भएको छ।

पूर्वमा तिनाउँ नदी र ओमसतिया गाउँपालिका, पश्चिममा दानव नदी र गैडहवा गाँउपालिका, उत्तरमा शुद्धोधन गाउँपालिका र तिलोत्तमा नगरपालिका र दक्षिणमा मायादेवी गाँउपालिका सीमाना रहेको सियारी गाउँपालिकाको कूल क्षेत्रफल ६६.१७ वर्ग किलोमिटर रहेको यस गाउँपालिकामा उष्ण प्रदेशीय हावापानी पाईन्छ ।

**विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौती :**

**विद्यमान अवसरहरु :**

- संविधानमा स्थानीय सरकारका अधिकारहरु तथा साझा अधिकारहरुको व्यवस्था हुनु,
- स्थानीय सरकार संचालन ऐनले स्थानीय सरकारको कार्यहरुलाई व्यवस्थित गरिनु,
- स्थानीय सरकारले आफ्ना अधिकारका विषयमा ऐन कानून तर्जुमा गर्न सक्नु,
- ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरु भएकोले धार्मिक पर्यटनलाई टेवा पुऱ्याउन सकिने,
- नेपालकै नमूना माछा फर्महरु भएको हुँदा माछा उत्पादनको प्रचुर संभावना भएको,
- गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल तथा लुम्बिनीको नजिकै भएको हुँदा पर्यटकीय हवको रुपमा विकास गर्न सकिने,
- दुध, माछा, मासु, तरकारी, मकै, धान तथा मसलाजन्य उत्पादनमा आत्मनिर्भर हुने सम्भावना रहेको,

- विभिन्न जातजातिहरुको बसोबास स्थल रहेको हुँदा विविध कला संस्कृतिहरुले भरिपूर्ण हुनु,
- अन्तराष्ट्रियस्तरको पाँचतारे होटल संचालनमा आउन लागेको हुँदा पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने

**विद्यमान चूनौतिहरु :**

- कृषिमा प्रचुर संभावना रहेको हुँदा त्यसलाई सही सदुपयोग गर्नु,
- तयार भएका भौतिक संरचनाहरुको संरक्षण गर्नु,
- विकास निर्माण लगायतका कार्यहरुमा संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गर्नु,
- विपद् व्यवस्थापनका कार्यहरु प्रभावकारी रुपमा संचालन गर्नु,
- गुणस्तरीय स्वास्थ्य र शिक्षा प्रदान गर्नु,
- रोजगारी सृजना गर्दै बढ्दो बसाईसराईलाई व्यवस्थापन गर्नु,
- प्रविधि प्रयोग गरी सेवा उपलब्ध गराउन नागरिकमा प्रविधिको प्रयोग पुर्याउनु,
- नागरिकको अपेक्षा अनुसार कार्य गर्न पर्याप्त बजेट व्यवस्थापन गर्नु,
- बजेटको लागि संघ र प्रदेश सरकारमा निर्भर हुनु,
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने न्यून समानीकरण अनुदान प्राप्त हुनु।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः**

- नेपालको संविधान,
- नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई प्राथमिकतामा राखिएको,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- सोह्रौ पञ्चवर्षीय योजनाले तय गरेका लक्ष्य तथा उद्देश्यहरुलाई आधार लिएको,
- दिगो विकासको लक्ष्य २०३० को मार्ग चित्रलाई आत्मसाथ गर्दै स्थानीयकरण गरिएको,
- गाउँपालिकाको आवधिक योजना दस्तावेजलाई आधार लिएको,
- मध्यमकालिन खर्च संरचनाको मर्मलाई आत्मसाथ गरिएको,
- राष्ट्रिय, प्रदेश र स्थानीय नीति योजना र लक्ष्यहरुलाई आत्मसाथ गरिएको,
- स्थानीय सरकारको हाल सम्मको अनुभव तथा सिकाईलाई आत्मसाथ गरिएको,
- स्थानीय आवश्यकताको विश्लेषण गरिएको,
- विभिन्न विद्वत वर्गहरुको राय सुझावलाई ग्रहण गरिएको,

सभा सदस्यज्यूहरु

अब म

चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु

गाउँपालिकाको चालु आ व को संशोधित बजेट रु ७४ करोड ५३ लाख ५२ हजार मध्ये

जम्मा कुल खर्च : ५८.२९% रहेको छ ।

चालु खर्च तर्फको बजेट ४५ करोड १२ लाख ५२ हजार मध्ये ७४.३३% खर्च भएको छ ।

पूँजीगत खर्च तर्फको बजेट २२ करोड ४१ लाख मध्ये ३३.६७% खर्च भएको छ ।

हाल सम्मको आन्तरिक आम्दानीको विवरण

अनुमान : ७ करोड ३० लाख असुली : ८ करोड ५४ लाख ८९ हजार

लक्ष्य भन्दा १७ प्रतिशत बढी असुली गरिएको ।

**क. भौतिक उपलब्धीः**

१. उपभोक्ता समिति मार्फत १४५ वटा आयोजनाहरु कार्यान्वयन भएकोमा हाल सम्म ९८ वटा आयोजनाहरु सम्पन्न भई फरफारक समेत भईसकेको छ ।

२. विद्युतीय खरिद विधिबाट ३२ वटा सडक पुर्वाधार निर्माण सम्बन्धी आयोजनाहरु ठेक्का सम्झौता भई आयोजनाको निर्माण कार्य समेत सम्पन्न भएको छ । जस मध्ये सियारी वडा नं. ६ मिलनचोक देखि गिदैया हुँदै वडा नं. ५ जाने सडक कालोपत्रे, बैदौली डाँडा वडा नं. ५ देखि वडा नं. ४ वडा कार्यालय जाने सडक कालोपत्रे र शिवनगर सडक स्तरोन्नती लगायत करिव १.९६ किलोमिटरको सडक कालोपत्रे, ४. कि.मि ग्राभेल, २.७ कि.मि आर. सि.सि,. ४३३ मिटर पक्की सिँचाई कुलो, १४१७ मिटर पक्की नाली निर्माण,४ वटा कल्भर्ट, रिटेनिङ्ग वाल ४२३ मिटर निर्माण कार्य सम्पन्न भएको छ ।

३. नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले वडा नं. ४ छपीयामा १५ शैयाको आधारभुत अस्पताल निर्माणको कार्य सम्पन्न भई एम.वि.वि.एस डाक्टर मार्फत स्वास्थ्य सेवा संचालन गर्ने गरी आवश्यक प्रकृयामा अगाडी बढाईएको छ ।

४. वडा नं. ४ को प्रशासकीय भवन निर्माण सम्पन्न भइ हाल ७ वटै वडा कार्यालयका भवनहरुबाट सेवा प्रवाह सञ्चालन भएको छ ।

५. थारु समुदायको संस्कृति संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्य अनुरुप निर्माण गर्न लागिएको थारु संग्रहालय सम्पन्नको चरणमा पुगेको छ ।

६. सियारी रिङ रोडमा सडक बत्ती जडानको कार्य सम्पन्न भई सडक दुर्घटनामा न्युनीकरण तथा सडक सुरक्षामा टेवा पुऱ्याएको छ ।

७. अमुवामा रहेको कृषि बजारलाई थप व्यवस्थित रुपमा सञ्चालनको लागि ठाउँ स्थानान्तरण गर्न आवश्यक पुर्वाधार निर्माणको कार्य सम्पन्न गरी कृषि हाट बजारलाई थप व्यवस्थित बनाईएको छ ।

८. सियारी गाउँपालिकाको गौरवको आयोजनाका रुपमा रहेको अमुवा पार्क सुन्दरीकरणको निर्माण कार्य निरन्तर रुपमा अगाडी बढीरहेको छ ।

९. सियारी गौरवको आयोजनाको रुपमा रहेको तिलोत्तमा-सियारी-मायादेवी रिङ्गरोड कालोपत्रे आयोजना कार्यान्वयनको चरणमा रहेको छ ।

**ख. आर्थिक तथा सामाजिक उपलब्धीः**

**अ. कृषि/पशु सेवाः**

१. प्रतिफलमा आधारित अनुदान कार्यक्रम दुध उत्पादन तर्फ कृषकले दुग्ध उत्पादक सहकारी संस्था, डेरी, निजी डेरीमा बिक्री गरेको दुधको प्रति लि. रु. २.५० नगद अनुदान दिने कार्यक्रम रहेकोमा यस आ.व पौष मसान्त सम्म कूल ५८,७०,६००/- (अन्ठाउन्न लाख सत्तरी हजार छ सय रुपैया) कृषकहरुको खातामा पठाईएको । यस कार्यक्रमबाट सियारी गाउँपालिकाका जम्मा ९९८ जना कृषकहरु लाभान्वित भएका छन् ।

२. प्रतिफलमा आधारित अनुदान कार्यक्रम अन्तर्गत माछा उत्पादक कृषकहरुलाई प्रति के.जी रु. ५ का दरले रु २९,६०,१०० (उनान्तीस लाख साठी हजार एक सय रुपैया) कुल ५३१ कृषकहरुको खातामा भुक्तानी गरिएको छ ।

३. रेबिज रोग न्यूनीकरणका लागि कुकुर तथा बिरालाको बन्ध्याकरण शिविर तथा रेविज विरुद्धको खोप कार्यक्रम संचालन गरी कुल १४७ वटा सार्वजानिक तथा घरपालुवा कुकुर बन्ध्याकरण गरी रोग नियन्त्रण तथा रोकथामका कार्य गरिएको छ ।

४. कृषकहरुको बालीलाई रोगकिरावाट संरक्षणको लागि ५० प्रतिशत अनुदानमा २३२ थान पावर स्प्रे मेशिन वितरण गरिएको छ ।

५. लसुन, खुर्सानी र बेसार मसला बालीमा आत्मनिर्भर हुनको लागि सियारी गाउँपालिका भित्रका ९८ जना कृषकहरुलाई नगद अनुदान रकम रु ७ लाख ३७ हजार उपलब्ध गराइएको छ ।

६. साना सिंचाई कार्यक्रमको लागि स्यालो ट्युवेल वोर जडानको लागि सबै वडाका ४७ जना कृषकहरुलाई अनुदानमा समाग्री उपलब्ध गराई ३१ हेक्टर क्षेत्रफलमा सिंचाईको ब्यवस्थापन गरीएको छ ।

७. भै.लु.भु.ज. डिप ट्यूवेल तथा लिप्ट सिंचाई अयोजना संचालनमा रहेको १६ वटा टयुवेलहरुको विद्युत महशुलमा ७५ प्रतिशत अनुदान उपलब्ध गराई कृषकहरुको बालीको सिंचाई व्यवस्थापन गरिएको छ ।

८. कृषकहरुको आकस्मिक बाली संरक्षणको लागि ७८१ जना कृषकहरुलाई कीटनाशक र ढुशीनाशक विषादी बितरण गरिएको छ ।

**आ. शिक्षाः**

१. गाउँपालिकाभित्र रहेका २८ विद्यालयहरूको भौतिक पूर्वाधार सम्बन्धी विवरण अद्यावधिक गरी विद्यालय भौतिक पूर्वाधार निर्माण गुरुयोजना तयार गर्ने कार्य अघि बढाइएको छ । यसले आवश्यकताका आधारमा पूर्वाधार विकास तथा स्रोतको न्यायोचित वितरण गर्न सहयोग पुगेको छ

२. स्थानीय सरकार सञ्चालन ऐन तथा शिक्षा सम्बन्धी प्रचलित कानुनको मर्म अनुसार स्थानीय तहको शिक्षा योजना निर्माण प्रक्रिया अगाडि बढाइएको छ । यस योजनाले आगामी वर्षहरूमा शिक्षाको दीर्घकालीन विकासका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गरी शिक्षामा पहुचँ समता गुणस्तर र सक्षमताको सुनिश्चितता प्रदान गर्नेछ ।

३. स्थानीय विषयवस्तु, संस्कृति, इतिहास, कृषि, पर्यटन तथा सामाजिक परिवेशलाई समेटेर कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक तयारी तथा कार्यान्वयन गरिएको छ। यसबाट विद्यार्थीहरूमा स्थानीय ज्ञान, सीप र पहिचानको विकास हुने अपेक्षा गरिएको छ।

४. विद्यालय तहको तथ्याङ्क व्यवस्थापन प्रणालीलाई EMIS व्यवस्थित बनाउँदै विद्यार्थी, शिक्षक तथा विद्यालय सम्बन्धी विवरण नियमित अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। यसले तथ्यमा आधारित निर्णय प्रक्रिया विकास गर्न सहयोग पुग्नुका साथै शिक्षा क्षेत्रमा सुशासन पारदर्शिता तथा जवाफदेहीता अभिवृद्धि गरेको छ ।

५. शिक्षक तालिम तथा पेशागत विकासका कार्यक्रमहरू शिक्षकको ज्ञान, सीप, क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न तथा विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न एकिकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड तालिम, पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रवोधिकरण तालिम विद्यालयमा जिन्सी तथा लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ ।

६. विभिन्न प्राकृतिक तथा मानव सृजित प्रकोपका कारणबाट विद्यार्थीको सिकाइमा हुने क्षतिलाई परिपुर्ती गर्न सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) सम्बन्धी शिक्षक अभिमुखिकरण कार्य सम्पन्न गरी थप सिकाइ आवश्यकता भएका बालबालिकालाई उपचारात्मक शिक्षण कार्यक्रम कार्यान्वयन गरिएको छ ।

७. आर्थिक, सामाजिक वा अन्य कारणले शिक्षाबाट वञ्चित हुन सक्ने विद्यार्थीलाई सहयोग गर्न, प्रतिभालाई प्रोत्साहन गर्न तथा शिक्षामा समानता, समावेशिता र गुणस्तर सुनिश्चित गर्न अध्यक्ष छात्रवृत्ति तथा कल्याणकारी कोष मार्फत ६५ जना PMT छात्रवृत्ती १४२ जना आवासीय अपाङ्ग छात्रवृत्ती १० जना तथा कक्षा १-५ अध्ययनरत दलित तथा छात्रालाई छात्रवृत्ती प्रदान गरिएको छ ।

८. बालबालिका तथा यूवाहरुको स्वास्थ्य सुधार, खेल प्रतिभाको विकास, सामाजिक एकता अभिवृद्धि तथा समग्र समुदायको शारीरिक, मानसिक र सामाजिक विकासमा योगदान पुर्याउन अध्यक्ष कप रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ त्यसैगरी राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा स्थानीय तह हुँदै जिल्लास्तरीय प्रतियोगितामा छनोट भइ प्रदेशस्तरीय खेलमा उत्कृष्ट प्रदशर्न गरेका ५ जना खेलाडीहरु श्री रोहित काहार र श्री रामकेश केवट कवड्डी तर्फ प्रथम, श्री सचिन कुर्मी १५०० मि दौड द्बितीय तथा ८०० मि दौड तर्फ प्रथम, श्री मनोज केवट ३००० मि दौड तर्फ तृतीय र श्री दिपिका थारु कबड्डी तर्फ तृतीय स्थान प्राप्त गर्न सफल भएका छन् त्यसैगरी राष्ट्रिय स्तरमा सहभागी भइ उत्कृष्ट प्रदर्शन गरेका २ जना खेलाडी श्री रोहित काहार कबड्डी तर्फ प्रथम र श्री सचिन कुर्मी ८०० मिटर दौड तर्फ तृतीय स्थान प्राप्त गर्न सफल भएका छन् । यसरी गाउँपालिकाको समग्र खेलकुलमा योगदान पुर्याएका प्रदेशमा उत्कृष्ट खेलाडीलाई रु पन्ध्र हजार र केन्द्रमा उत्कृष्ट नजिता प्राप्त गरेका खेलाडिलाई पच्चिस हजार रुपैयाको दरले नगद प्रोत्साहन गरी सम्मान गर्ने कार्यक्रम राखिएको ।

९. विद्यालयमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा स्रोत—साधनको प्रभावकारी उपयोग सुनिश्चित गर्दै शैक्षिक गुणस्तर सुधार गर्न सबै सामुदायिक तथा धार्मिक विद्यालयको लेखापरीक्षण, सामाजिक परीक्षण सम्पन्न गरिएको छ भने विद्यालयका कार्यहरुको नियमित अनुगमन तथा निरीक्षण कार्य गर्ने गरिएको छ ।

१०. विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्न, शिक्षण—सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच गर्न, विद्यालयहरूबीच शैक्षिक गुणस्तरको तुलना र सुधार गर्न, मूल्याङ्कन प्रक्रियामा एकरूपता, निष्पक्षता र विश्वसनीयता कायम गर्न, विद्यार्थी, शिक्षक तथा विद्यालयको वास्तविक शैक्षिक अवस्था पहिचान गर्नका लागि कक्षा ५ तथा कक्षा ८ को पालीकास्तरीय परीक्षा सञ्चालन व्यवस्थापन तथा प्रमाणीकरण कार्य सम्पन्न भएको छ जसमा कक्षा ५ तर्फ ७५० र कक्षा ८ तर्फ ९०६ जना विद्यार्थी सहभागी रहेका थिए ।

**इ. स्वास्थ्य तथा पोषण**

१. देशकै नमूना कार्य अन्तर्गत घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालन गरी चालु आ.व. मा ७० वर्ष पुगेका ज्येष्ठ नागरीक र अशक्त अपांग क र ख समूहका १५२७ नागरीकहरुलाई घरमै स्वास्थ्य सेवा नियमित रुपमा उपलब्ध गराइएको छ ।

२. मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीले औषधि उपचार बापत मासिक ५ हजारका दरले कार्यालयमा निवेदन पेश गरेका ७५ जना नागरिकलाई निरन्तर उपचार खर्च उपलब्ध गराईएको छ ।

३. बुटवल भैरहवा गई फिजियोथेरापी गराउन जाँदाआउदा नागरिकहरुलाई उपचार महङ्गो भएको तथा असुविधा भएको गुनासोलाई सम्बोधन गर्दै छपिया स्वास्थ्य चौकीमा फिजियोथेरापी सेवा सञ्चालन गरी ४९९ जना नागरिकहरुलाई सेवा उपलब्ध गराइएको छ ।

४. नागरिकहरुलाई विभिन्न स्वास्थ सेवा उपलब्ध गराउने उद्देश्यले २०८२ मंसिरदेखि वडा नं. ४ को छपियामा रहेको १५ शैया अस्पतालमा सञ्चालन गरिएको प्राथमिक आँखा उपचार केन्द्रबाट ५५० जना नागरिकहरुलाई आँखा उपचारको सेवा उपलब्ध गराईएको ।

५. सियारीवासी नागरिकलाई निःशुल्क रगत उपलब्ध गराउन रक्त संचारकेन्द्र भैरहवासँग सम्झौता गरी २६८ जना नागरिकलाई रगत उपलब्ध गराईएको साथै लायन्स आँखा अस्पताल बुटवल र रण अम्बिका आँखा अस्पताल भैरहवासँग सम्झौता गरी मोतियाबिन्दुको निःशुल्क उपचारको व्यवस्था मिलाईएको जसबाट १०२ जनाले सेवा लिनु भएको ।

६. नागरिकलाई आयुर्वेद सेवा तर्फ आकर्षित गर्न वडा नं ३ को हर्नैयामा स्थापना भएको नागरिक आरोग्य सेवा केन्द्रबाट आयुर्वेद औषधी, योगा, पञ्चकर्म (पूर्वकर्म) लगायत आयुर्वेद स्वास्थ्य सेवा ३५०० जना नागरिकलाई उपलब्ध गराईएको ।

**ई. महिला, बालबालिका तथा जेष्ठ नागरिक**

१. अपाङ्गता भएका व्यक्तिहरुको अपांगताको प्रकृति पहिचान गरी राज्यबाट प्राप्त हुने सेवा तथा सामाजिक सुरक्षा कार्यक्रममा समाहित गर्नका लागि विभिन्न चार वर्गका ४४ वटा अपांगता परिचयपत्र वितरण गरिएको छ ।

२. गाउँपालिका भित्र बसोबास गर्ने २४० जना ज्येष्ठ नागरिकहरुलाई स्थानीय सरकारसँगको अभिभावकत्व ग्रहण गर्दै धार्मिक तिर्थाटन कार्यक्रम सञ्चालन गरिएको छ ।

३. विपन्न परिवारका छोरीहरुको विवाह गर्ने कार्यका लागि सामाजिक दायित्व निर्वाह गर्दै गाउँपालिकाबाट आर्थिक सहायता उपलब्ध गराइएको छ ।

४. सामाजिक उत्तरदायित्व अन्तर्गत वितरण गर्दै आएको काजक्रिया खर्चवापतको आर्थिक सहायता उपलब्ध गराइएको छ ।

**ग. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी उपलब्धीः**

१. बारुणयन्त्र संचालन सम्बन्धमा सिद्धार्थनगर नगरपालिकासँग हाम्रो सियारी गाउँपालिका र मायादेवी गाउँपालिकाले साझेदारीमा संचालन गर्न आवश्यक व्यवस्था मिलाएको ।

२. जिल्ला विपद् प्रतिकार्य योजना अनुरुप गाउँपालिकाको स्थानीय विपद् प्रतिकार्य योजना निर्माण गरिएको ।

३. विपद् व्यवस्थापनमा जिल्ला प्रशासन, छिमेकी पालिका र प्रहरी प्रशासनसँग समन्वय गरी कार्य सम्पादन गरिएको ।

**घ. सुशासन, सेवा प्रवाह तथा संस्थागत उपलब्धीः**

१. नेपाल सरकार, सूचना प्रविधि विभागको समन्वयमा ई-हाजिरी प्रणाली जडान तथा व्यवस्थापन गरी कर्मचारीहरुको हाजिरीलाई नियमित र व्यवस्थित गरिएको छ ।

२. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा आ.व.२०८१/०८२ को विवरण प्रविष्टि गरी ९०.३२ प्राप्ताङ्कको दाबी गरी पृष्ठपोषण सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गरिएको र चालु आ.व.२०८२/०८३ को विवरण प्रविष्टि गर्ने कार्य भैरहेको छ।

३. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरु नागरिकलाई सु-सूचित गरी जनउत्तरदायी सरकार बनाउन र जवाफदेहीता कायम गर्न प्रत्येक त्रैमासिक प्रगती समीक्षा र चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको।

४. नागरिकहरुलाई स्थानीय सरकारको सेवा घरघरमा पुर्याउने उद्देश्यले प्रत्येक वडामा १/१ दिन एकीकृत घुम्ती शिविर सञ्चालन गरी विभिन्न ९ वटा सेवा मार्फत २५५० जना नागरिकहरुलाई सेवा उपलब्ध गराइएको छ ।

५. सडक दुर्घटना न्यूनीकरण तथा ट्राफिक नियमको पूर्ण पालनाको सुनिश्चितताको लागि ईलाका प्रहरी कार्यालय, छपियालाई १ थान ब्रेथलाईजर मेसिन उपलब्ध गराइएको छ ।

६. सडक दुर्घटना न्यूनीकरण तथा तीव्र गति नियन्त्रणको लागि कनरी चोकमा व्यवस्थापन हुने गरी ६ थान रोड डिभाइडर उपलब्ध गराइएको छ ।

७. नागरिकलाई सूचनाको हकको प्रत्याभूती गर्न कार्यालयबाट सम्पादन भएका कार्यहरुको मासिक तथा त्रैमासिक प्रगति विवरण नियमित रुपमा कार्यालयको वेवसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ ।

८. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीहरुको कार्य सम्पादनको मूल्याङ्कन गर्ने गरिएको ।

९. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सेवा प्रवाह, विपद व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक सम्पत्ती संरक्षण, ट्राफिक व्यवस्थापन लगायतका कार्यको लागि नगर प्रहरीको व्यवस्थापन गर्न सूचना प्रकाशन गरि छनौट गर्ने कार्य अगाडि बढाईएको ।

१०. स्वास्थ्य सेवालाई नागरिकको घरदैलो सम्म पुऱ्याउन महत्वपूर्ण भूमिकामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्सहान गर्न नागरिक लगानी कोषसँग सम्झौता गरी पेन्सन योजनाको शुरुवात गर्न आवश्यक व्यवस्था गरिएको ।

११. गाउँपालिकाको गतिविधिहरुलाई सबै नागरिकहरु समक्ष पुऱ्याउनको लागि डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेवसाइटमा सार्वजनिक गर्ने गरिएको।

१२. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने विभिन्न सेवाहरुको बारेमा कार्यालयमा डिजिटल नागरिक वडापत्र संचालनमा ल्याईएको । जसमा सूचना, कर्मचारी तथा जनप्रतिनिधिको फोटो सहितको विवरण, विभिन्न समाचार, प्रगती प्रतिवेदन, कर्मचारीको उपस्थिति विवरण लगायतका विवरण समावेश गरिएको छ ।

१३. नेपाल सरकारले घोषणा गरेको शासकीय सुधारको १०० कार्य सूची अन्तर्गत स्थानीय तहसँग सम्बन्धित विषयहरुलाई कार्ययोजना सहित सम्पादन गर्न आवश्यक व्यवस्था मिलाईएको ।

१४. नागरिकमैत्री र प्रविधिमैत्री कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाईएको ।

**सभा सदस्यज्यूहरु**

**अब म आ.व. ०८३।०८४ को नीति तथा कार्यक्रमको मुख्य उद्देश्य प्रस्तुत गर्न चाहन्छु**

**नीति तथा कार्यक्रमको मुख्य उद्देश्यः**

१. कृषि तथा पशुपालनमा आत्मनिर्भर बनाई नागरिकको जीवनस्तरमा परिवर्तन गर्ने।
२. स्थानीयस्तरमै नागरिकको लागि रोजगारीको अवसरहरु सृजना गर्ने ।
३. भ्रष्ट्राचारमा शून्य सहनशिलताको नीति अवलम्बन गर्दै नागरिकमैत्री सेवा प्रवाह प्रदान गर्ने।
४. सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र नागरिकले अनुभूती गर्ने गरी गुणस्तरयुक्त सेवा प्रवाहको लागि सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै स्मार्ट गाउँपालिका बनाउने।
५. गाउँपालिका तथा वडाको मुख्य सडक र सहायक सडकहरुलाई स्तरोन्नती गर्ने ।
६. गाउँपालिकामा सडक, पर्यटन पूर्वाधार लगायतका अन्य भौतिक पूर्वाधारको निर्माण गर्ने।
७. सवल, सक्षम र उत्थानशील स्थानीय सरकार निर्माण गर्ने।
८. सामाजिक समावेशीकरणको नीति अवलम्बन गर्दै विकासको मूल प्रवाहमा सबै क्षेत्रलाई समावेश गर्ने
९. गाउँपालिकाका सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।
१०. शिक्षण सिकाइमा आधुनिक प्रविधिको प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
११. फोहरमैला व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाउने ।
१२. वातावरणमैत्री स्वच्छ र सुन्दर गाउँपालिका निर्माण गर्ने।
१३. पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन सहित रोजगारीमा वृद्धि गर्ने।

**आगामी आ.व. का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः**

१. समृद्ध, समुन्नत र नागरिकमैत्री स्थानीय सरकारको प्रत्याभूति दिने,
२. कृषि उत्पादन वृद्धि गरी बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउने,
३. गाउँपालिकाको भूमिलाई समुचित प्रयोगमा ल्याउने,
४. नागरिकको आधारभूत स्वास्थ्यसेवालाई गुणस्तरीय र पहुँच योग्य बनाउने,
५. सर्वसुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्ने,
६. समग्र रुपमा समाजको आर्थिक विकास गर्न रोजगारीका अवसरहरु सृजना गर्ने,
७. प्रभावकारी सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास गर्ने,
८. गाउँपालिकाको खानेपानी तथा सरसफाईको अवस्थालाई वास्तविक रुपमा पहिचान गर्न र आवश्यक नीति तर्जुमा गर्न WASH Plan निर्माण गर्ने,
९. गाउँपालिकाका सबै सडकहरुलाई स्तरोन्तनी गर्दै कालोपत्रे गर्ने,
१०. गाउँपालिकालाई धार्मिक पर्यटकीय दृष्टिकोणबाट उत्कृष्ट पर्यटन गन्तव्यको रुपमा विकास गर्ने,
११. गाउँपालिकामा आवश्यकतानुसार भौतिक संरचना निर्माण र पूर्वधार विकास गर्ने,
१२. विपद् व्यवस्थापन, फोहर मैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण गर्ने,
१३. कला संस्कृतिलाई परिस्कृत रुपमा संरक्षण गर्ने ।

**सभा सदस्यज्यूहरु**

**अब म आगामी आ.व. को प्रमुख नीतिहरुः प्रस्तुत गर्न चाहन्छु ।**

**(क) सामाजिक विकास तर्फः**

**अ. शिक्षा तथा खेलकुद**

१. अनलाइनमाध्यमवाट विद्यालयहरुको अनुगमन प्रणालीलाई जोड दिदै शिक्षण सिकाईलाई प्रविधिमैत्री बनाउन, र विद्यालयगत तथ्यांक अभिलेखीकरणलाई थप व्यवस्थित गर्न शिक्षकहरुलाई AI सहितको ICT तालिम प्रदान गरिनेछ साथै शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन विद्यालयमा डिजिटल शिक्षाका लागि ICT मा आधारित INTERACTIVE SMART BOARD जडान कार्यक्रमलाई थप विस्तार गर्दै स्मार्ट विद्यालय तथा सूचना प्रविधि मार्फत शैक्षिक गुणस्तरमा सुधार गर्ने नीति लिइनेछ।

२. आधारभूत तह कक्षा (१-३) को परीक्षालाई पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिमको निरन्तर मुल्यांकन प्रक्रियालाई व्यवस्थित गर्दै एकीकृत पाठ्यक्रम तथा आन्तरिक मुल्यांकन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ साथै शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न अनिवार्य तथा निशुल्क शिक्षा ऐनको प्रभाकारी कार्यान्वयन गर्नको लागि अभिभावकहरूलाई सचेत बनाउन अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

३. शिक्षकहरुको पेशागत विकासका कार्यक्रमहरुलाई प्राथमिकतामा राख्दै न्यून सिकाई उपलब्धि भएका विषयका शिक्षकहरुलाई पेशागत क्षमता विकास तालिम संचालन गरिनेछ, अस्थायी दरवन्दीमा कार्यरत प्रारम्भिक वालविकास सहजकर्ता र कर्मचारीहरुको लागी पालिकाबाट उपलब्ध गराउँदै आएको थप पारिश्रमिक र गा.पा. अनुदानमा कार्यरत प्रारम्भिक वालविकास सहजकर्ताको हाल खाइपाई आएको तलव भत्तालाई निरन्तरता दिइनेछ ।

४. प्रधानाध्याकहरुलाई थप जिम्मेवार बनाउन कार्य सम्पादनको आधारमा प्र.अ.प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाईनेछ साथै उत्कृष्ट नतिजा हासिल गर्ने प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान गरिनेछ साथै विद्यार्थीहरुको सर्वाङ्गिण विकासका लागि पालिकास्तर र लिडर विद्यालय मार्फत् विविध अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

५. लामो समय सम्म प्रसूति विदामा बस्नुपर्ने कारणले हुने पठनपाठन अवरोधलाई परिपूरण गर्न उक्त समयावधिका लागि सट्टा शिक्षकको व्यवस्थापन गरिनेछ ।

६. विद्यार्थीहरुलाई विद्यालयको अतिरिक्त ज्ञान दिने उद्देश्यले विद्यार्थीसँग गाउँपालिका कार्यक्रम संचालन गरि साईबर क्राईम, लागूऔषध दुर्व्यशन, खाद्य संप्रभुता, सूचना प्रविधि लगायतका विषयमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

७. विद्यालयको समग्र शैक्षिक गुणस्तर कायम गर्न विद्यालय समायोजन, दरबन्दी मिलान, अन्तर विद्यालय शिक्षक सरुवा समेतका कार्य गरी विद्यालयको गुणस्तर सुधार गर्न मागमा आधारित अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

८. असल अभ्यासलाई आदानप्रदान तथा अनुशरण गर्न शैक्षिक अवलोकन भ्रमणका कार्यक्रम संचालन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
९. सामुदायिक विद्यालयमा अध्ययनरत गरिव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिनुका साथै संस्थागत विद्यालयले कानून वमोजिम प्रदान गर्नु पर्ने छात्रवृत्तीलाई व्यवस्थित पारदर्शी र प्रभावकारी वनाउदै छात्रवृत्ती वितरणमा एकरुपता कायम गर्न कानून वमोजिम मापदण्ड व्यवस्थित गरिनेछ।
१०. युवाहरुलाई सरकारी सेवामा आकर्षित गरी बढ्दो शैक्षिक बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न लोक सेवा तथा शिक्षक सेवा आयोगका तयारी कक्षाहरू निःशुल्क रुपमा संचालन गरिनेछ ।
११. "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने भनाइलाई आत्मसाथ गर्दै युवाहरुलाई लक्षित गरी पालिकास्तरमा राष्ट्रपति रनिङ्गशिल्ड लगायतका विभिन्न खेलकुद प्रतियोगिताहरू संचालन गरिनेछ।
१२. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सियारी गाउँपालिकाको १० वर्षे शैक्षिक योजना स्वीकृत गरि कार्यान्वयनमा जोड दिदै सूचकको आधारमा विद्यालयहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गरिनेछ ।
१३. आधारभूत तहमा अध्यापन गर्ने शिक्षकहरुको लागि एकीकृत पाठ्यक्रम तथा आन्तरिक मुल्यांकन सम्बन्धी क्षमता विकास तालिम प्रदान गरिनेछ साथै गाउँपालिकाको शिक्षालाई पहुँच योग्य, गुणस्तरीय, सर्वसुलभ र समयसापेक्ष वनाउन प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरिनेछ ।

**आ. स्वास्थ्य**

१४. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउँदै सुत्केरी, ज्येष्ठ नागरिक तथा आपांगहरुको स्वास्थ्य परिक्षण तथा दीर्घ रोगबाट ग्रसित नागरिकलाई निःशुल्क औषधी उपलब्ध गराउने लगायतका स्वास्थ्य सेवा प्रदान गर्न संचालित 'घरघरमा स्वास्थ्य सेवा कार्यक्रम' लाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।
१५. सुत्केरी तथा अति विपन्न, मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउनुको साथै सुत्केरी महिलाहरुलाई पोषण प्याकेज वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
१६. महिला सामुदायिक स्वास्थ्य स्वंमसेविकाहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न क्रियाकलाप संचालन गर्ने, राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने साथै महिला सामुदायिक स्वास्थ्य स्वंम सेविकाहरुको लागि पेन्सन योजना कार्यक्रम संचालन गरिनेछ ।
१७. नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्याको समुदायस्तरमा नियमित स्क्रिनिङ्ग समयमै उपचार तथा परामर्श सेवाको पहुँच अभिवृद्धि गरिनेछ, पोषण, प्रजनन स्वास्थ्य लगायत अन्य स्वास्थ्य सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा कक्षाहरु सबै विद्यालयमा संचालन गरिने छ । साथै वर्षको १ पटक सबै विद्यालयमा विद्यार्थीको स्वास्थ्य परिक्षण गरिने व्यवस्था मिलाइनेछ ।

१८. एच.आई.भी. संक्रमणलाई न्यूनीकरण गर्न तथा संक्रमितहरुलाई पोषण र शिक्षामा सहयोग तथा सिपमुलक तालिमको लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१९. पन्ध्र शैयाको आधारभूत अस्पताल ब्यबस्थापन गरि २४ सै घण्टा आकस्मिक सेवा सहित अस्पताल संचालन गर्ने ब्यबस्था मिलाइने छ । लामो समयम सम्म मृत शरिरलाई शब गृहमा राख्नका लागि नागरिकलाई कठीनाई भएको हुँदा नागरिकले इच्छाएको स्थानमा शवलाई केही समय सुरक्षितरुपमा राख्नका लागि डेथ बडी फ्रीजरको व्यवस्था मिलाइनेछ साथै सियारी गाउँपालिका भित्रका शवदाह स्थलहरुमा शवलाई ढुवानी गर्नका लागि शववाहनको व्यवस्था गरिनेछ ।

२०. स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै अति विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै Paperless स्वास्थ्य सेवा संचालन गर्न सबै स्वास्थ्य संस्थाहरुमा e-Hmis लाई लागु गरी डिजिटल स्वास्थ्य सेवा संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२१. सुनौलो हजार दिनका आमा तथा वालवालिकाहरुको पोषण मार्फत जीवन रुपन्तरण गर्ने र स्वस्थ्य मानव पूँजिको विकास गर्न थप प्रभावकारी बनाउन स्थानीय तह र साझेदार संस्थाको सहयोगमा सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

**इ. महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा अपाङ्गता सम्बन्धी**

२२. लैगिक हिंसा तथा महिलामाथी हुने आपराधिक घटना न्यूनीकरण कार्यका लागि सबै माध्यमिक विद्यालयमा अध्ययनरत किशोरीहरुलाई आत्मरक्षा (सेल्फ डिफेन्स) तालिमको व्यवस्था मिलाइनेछ साथै महिला शसक्तिकरणका लागि सीपमुलक, आयमुलक र चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२३. गाउँपालिका भित्र रहेका अनाथ, सडक बालबालिकाहरुको तथ्यांक संकलन गरी उनीहरुको दिगो र उज्ज्वल भविष्यको निमित्त गाउँपालिका आफैले वा अन्य गैरसरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत अन्य आधारभूत आवश्यकता परिपूर्तिको लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।

२४. हिंसामुक्त सियारी गाउँपालिका अभियानलाई निरन्तरता दिई सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति ल्याईनेछ ।

२५. परम्परागत पेशालाई आधुनिकीकरणका लागि मागमा आधारित पेशागत सामाग्री वितरण कार्यलाई निरन्तरता दिइने छ ।

**ई. कला संस्कृति**

२६. लोपोन्मुख भाषा, भेषभुषा, संस्कृति, स्थानीय जात्रा, पर्व आदिको संरक्षण र सम्बर्द्धन गर्दै यसको प्रचार प्रसारलाई बढावा दिन थप कार्यक्रम संचालन गर्दै यस क्षेत्रमा प्रख्यात जात्रा तथा जाती विशेष कार्यक्रमलाई लक्षित गरी स्थानीयसँगको समन्वयमा मेला महोत्सवको आयोजना गरिनेछ।

२७. धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा नियमित रेखदेख, मर्मत संभार र संरक्षणको लागि आवश्यक व्यवस्था गर्न सम्बन्धीत समितिसँगको समन्वयमा कार्य अगाडि बढाइनेछ ।

उ. **खानेपानी तथा सरसफाई**

२८. खानेपानीको पहुँच नागरिकको घरदैलोमा पुर्‍याउन स्थानीय टोल समुदायमा **पानी जीवन हो, यसको संरक्षण गरौं** जस्ता अभियान संचालन गर्दै गाउँपालिकालाई **"एक घर एक धारा"** पूर्ण गाउँपालिका घोषणा गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२९. निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुको पाइपलाइन बिस्तारलाई प्राथमिकता दिदै चापाकल बितरण कार्यलाई निरुत्साहित गर्ने नीती लिइनेछ र अधुरा खानेपानी आयोजनाहरुलाई पूर्ण गर्नका लागि आवश्यक व्यवस्था मिलाईने छ ।

३०. गाउँपालिकाको खानेपानी तथा सरसफाई शुद्धता योजना अनुसार थप भएका खानेपानी आयोजनाहरुको विवरण अध्याबधिक गरी नयाँ योजना संचालनको लागि वास प्लानको प्राथमिकीकरणका आधारमा संचालन गरिने व्यवस्था मिलाईनेछ ।

३१. जलवायु परिवर्तनसंगै देखिएको लामो खडेरी र सुख्खा मौसममा पानीका भूमिगत मूलहरु सुक्ने सम्भावना प्रवल देखिएकोले मूल संरक्षणका कार्यक्रमहरु संचालन गरिने छ ।

***(ख) आर्थिक विकास तर्फः***

**अ. कृषि तथा कृषि उत्पादन व्यवस्थापन सम्बन्धी**

३२. कृषियोग्य जमिनको अव्यवस्थित प्रयोगबाट बच्न भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन मार्फत् जमिनको दीर्घकालीन संरक्षण गरिनेछ । कृषि पेशालाई व्यावसायिक र दीगो स्वरूपतर्फ उन्मुख गराउन आवश्यक संरचनात्मक तथा संस्थागत सहयोग पुर्‍याइनेछ ।

३३. **कृषकसँग प्राविधिक** कार्यक्रमलाई जनमुखी बनाउँदै कृषकले भोगिरहेका बालीसम्बन्धी समस्याहरूको समाधानका लागि कृषकको घर दैलोमै प्राविधिकहरू परिचालन गरिनेछ यसरी प्राविधिक परिचालन गरी समस्या समाधान मात्र होइन दीर्घकालीन सुधारको परामर्श समेत प्रदान गरिनेछ ।

३४. बालीहरूको संरक्षण तथा रोगकीराबाट जोगाउन आवश्यक मात्रामा विषादीको वैज्ञानिक छनोट, खरिद र वितरण गरिनेछ। जैविक विषादीको वितरण प्रक्रिया सहज बनाउँदै वडा कार्यालय, कृषि विकास शाखा तथा प्राविधिकहरू मार्फत् कृषक समक्ष सहज रुपमा उपलब्ध गराइनेछ साथै प्राङ्गारिक तथा जैविक मलको प्रयोगलाई प्रोत्साहन गरिने नीति लिइनेछ ।

३५. **"एक वडा एक उत्पादन"** नीति अन्तर्गत प्रत्येक वडाको विशेषतालाई पहिचान गरी त्यसलाई प्रमुख उत्पादनको केन्द्र बनाइनेछ ।

३६. व्यवसायिक कृषकहरूको श्रमको सम्मान गर्दै उनीहरूको आवश्यकता र माग अनुसार आधुनिक कृषि यन्त्र, उपकरण र सामग्रीहरूमा अनुदानको व्यवस्था गरी वितरण कार्यलाई सहज, वैज्ञानिक र उत्पादकमूलक बनाईनेछ ।

३७. गाउँपालिकाभित्र रहेका सम्पूर्ण कृषकहरूको विवरण संकलन गरी उनीहरूको सीप, उत्पादन र पूँजीगत क्षमताको आधारमा कृषक वर्गीकरण प्रणाली लागु गरिनेछ ।

३८. कृषकहरुलाई समयमै रासायनिक मल उपलब्ध गराउनका लागि सहकारी संस्थासँगको सहकार्यमा रासायनिक मलको बिक्री तथा भण्डारण व्यवस्थापन प्रभावकारी बनाइनेछ ।

३९. बाँझो जग्गा उपभोग गर्ने तथा जग्गा भाडामा लिएर खेती गर्न ईच्छुक कृषकहरूलाई गाउँपालिकामा भूमी बैंक स्थापना गरी उनीहरूको श्रमको संरक्षण गरिनेछ र भूमिहीन कृषकहरूको आर्थिक सुरक्षामा टेवा पुऱ्याइनेछ।

४०. रैथाने बालीहरूको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ । रैथाने बालीलाई आधुनिक कृषि प्रणालीसँग जोड्दै जैविक विविधताको संरक्षणमा जोड दिइनेछ ।

४१. लसुन, बेसार, खुर्सानी लगायत अन्य मसलाजन्य बालीको खेतीलाई व्यवसायिक स्वरूपमा रूपान्तरण गर्न उत्पादनमा आधारित अनुदानको व्यवस्था मिलाई बजारीकरणका लागि आवश्यक उपकरण र मेसिनहरूको आपूर्ति गरिनेछ।

४२. माटोको गुणस्तर अनुसार बालीको छनोट, मलखादको मात्रा निर्धारण र उत्पादनमा बृद्धि गर्न माटो परीक्षण ल्याब स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

४३. कृषि तथा पशुजन्य उत्पादनको विक्रि वितरणलाई व्यवस्थित, पारदर्शी र सशक्त बनाउँदै बजार व्यवस्थापनको लागि हाटबजारहरु सञ्चालन गर्दै स्थानीय उत्पादनहरूको प्रचार, कृषकको हौसला वृद्धि र उपभोक्ता सम्म सम्पर्क विस्तार गर्न कृषि मेला तथा प्रदर्शनीहरू आयोजना गरिनेछ।

४४. परम्परागत सिंचाई कुलाहरु तथा ताल पोखरीहरु मर्मत सम्भार गरी सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४५. कृषि पेशामा लागेर कृषि उत्पादनमा उल्लेखनीय योगदान गर्ने प्रगतिशील ठूला कृषकहरूलाई सार्वजनिक रूपमा सम्मान गरी कृषकलाई प्रोत्सहान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४६. बाँझोपन समस्या न्यूनीकरण गरी पशुको प्रजनन क्षमता अभिवृद्धि गर्न घरदैलो पशु प्रजनन तथा बाँझोपन निवारण कार्यक्रम विभिन्न संघ संस्था मार्फत सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

४७. छाडा तथा संरक्षण आवश्यक गाईवस्तुको उचित व्यवस्थापन, संरक्षण तथा पशु कल्याण अभिवृद्धि गर्न रामजानकी गौशाला लाई निजी क्षेत्र तथा संघसंस्थासंग समन्वय गरी थप व्यवस्थित रुपमा संचालन गरिनेछ।

४८. कृषक र प्राविधिकहरूको सीप अभिवृद्धिका लागि आन्तरिक अवलोकन भ्रमण, व्यवहारिक तालिम र कार्यशाला तथा नयाँ प्रविधि प्रयोग गर्ने वातावरण सिर्जना गरिनेछ ।

**आ. पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी**

४९. पशुपालक किसानलाई गुणस्तरीय सेवा पुर्याउने उद्देश्यले प्राविधिक टोलीद्वारा गोठमै पुगेर पशुको उपचार, परामर्श र निःशुल्क औषधि वितरणको व्यवस्था गरिनेछ साथै पशुधनको दीर्घकालीन सुधार र उत्पादन क्षमताको वृद्धि सुनिश्चित गर्न निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमको व्यवस्था मिलाइने छ ।

५०. छपियाको माछालाई ब्रान्डिङ्ग गर्न माछा प्रशोधन केन्द्र, अनुसन्धान केन्द्र तथा माछाको प्याकेजिङ्ग गरि राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।

५१. जनस्वास्थ्य र पशु कल्याणलाई ध्यानमा राख्दै रेबीज रोग न्यूनीकरणको लागि सामुदायिक कुकुरहरुमा बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५२. पशुमा लाग्ने महामारी जन्य रोगहरूको रोकथामका लागि गाई, भैंसी, बाख्रा, सुँगुर, कुखुरा तथा कुकुरमा आवश्यक खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ साथै पशुमा देखिने बाझोपन समस्याको स्थायी समाधान गर्न प्राविधिक तथा विज्ञ टोलीद्वारा गोठमै सेवा उपलब्ध गराउने कार्यको निरन्तरता गरिनेछ।

५३. माछा तथा पशुपन्छीमा देखा पर्ने रोगहरूको समयमै पहिचान गर्न नमुना सङ्कलन गरि प्रयोगशालामा परीक्षण गरिने र आवश्यक नियन्त्रण कार्यहरू तुरुन्त अघि बढाइनेछ

५४. कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा हुने जोखिमहरुको आर्थिक सुरक्षण गर्न बाली तथा पशुधन बीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

५५. वडा नं.२ च्याङ्गठामा रहेको पशुहाटबजारलाई सञ्चालन गर्नको लागि आवश्यक व्यवस्थापन मिलाइनेछ।

### इ. बैंक, वित्तीय संस्था तथा सहकारी सम्बन्धी

५६. बैंक तथा लघुवित्त संस्थाहरुको सहयोग र समन्वयमा वित्तीय साक्षरता अभिवृद्धि हुने कार्यक्रमहरु नियमित रुपमा संचालन गर्दै बैंक तथा वित्तीय संस्थाहरुको सामाजिक उत्तरदायित्व अन्तर्तगतका कार्यक्रमलाई साझेदारी अवधारणामा संचालन गर्न आवश्यक पहल गरिनेछ ।

५७. स्थानीय स्रोतको उपयोग, सेवा पहुँच र आर्थिक सशक्तीकरणमा पालिकासँग सहकार्य गर्दै सहकारी संस्थालाई साझा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्दै सहकारी संस्थामा शुसासन र पारदर्शिता कायम गर्दै संस्थाका संचालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी र व्यवस्थापकलाई थप प्रतिष्पर्धी र प्रविधिमैत्री बनाउन आवश्यक तालिम तथा सहकारी शिक्षा प्रदान गरिनेछ।

५८. लामो समयदेखि निष्क्रिय रहेका सहकारी संस्थाहरूको कानूनी प्रक्रिया अनुसार खारेजी गर्दै एउटै उद्देश्यमा आधारित साना सहकारी संस्थाहरूलाई आवश्यकतानुसार एकीकरण गर्ने कार्यलाई निरन्तरता दिदै साथै बहुउद्देश्यीय र उत्पादनमूलक सहकारी संस्थालाई थप प्रबर्द्धन गर्न उत्पादन र बजारीकरणमा प्रोत्साहनका कार्यक्रम अगाडि ल्याइनेछ ।

### ई. लघु, घरेलु, साना उद्योग तथा वाणीज्य सम्बन्धी

५९. रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्न स्थानीय स्तरमा उपलब्ध कच्चा सामग्रीको उपयोग गर्दै बजारको मागअनुसार लघु उद्यम व्यवसाय प्रवर्द्धन गर्न गाउँपालिकामार्फत् एकीकृत सेवा प्रणालीको व्यवस्था गरिनेछ।

६०. परम्परागत सीपमा आधारित स्थानीय जनशक्तिलाई आवश्यक तालिम, उपकरण र प्रविधिको पहुँच दिलाई आधुनिक उद्यमसँग जोड्ने व्यवस्था गर्दै गुणस्तर, नापतौल र मूल्यमा एकरूपता ल्याउन साथै उपभोक्ताको हित र विश्वास संरक्षण गर्न नियमित रूपमा बजार अनुगमन तथा निरीक्षण गरिनेछ ।

६१. गुणस्तरीय वस्तु सेवा प्रवाह र उपभोक्ता अधिकारको प्रत्याभूति गर्न संघीय तथा प्रादेशिक निकायहरूसँग आवश्यक समन्वय गरी नापतौल तथा गुणस्तरका मापदण्डमा एकरूपता कायम गरिनेछ।

६२. स्थानीय स्तरमा लघु उद्यमशीलताको विकास मार्फत आर्थिक सशक्तीकरण सुनिश्चित गर्न लघु उद्यम कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

**उ. पर्यटन सम्बन्धी नीति**

६३. Seven Points of Siyari Circuit अन्तर्गत प्रत्येक वडामा रहेका पर्यटकीय क्षेत्रहरुको आवश्यक पहिचान गरी विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

६४. सियारी -३ मा रहेको बुद्ध विहार तथा बोटानिकल गार्डेनलाई पर्यटकीय हबको रुपमा विकास गर्न सरकारी तथा निजी क्षेत्रसँग सहकार्य गर्दै बोटीङ्ग लगायत पर्यटकीय पूर्वाधारका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**ऊ. रोजगार सम्बन्धी**

६५. गाउँपालिका क्षेत्रभित्र रहेका बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको अद्यावधिक अभिलेख तयार गरी उनीहरूको अवस्था विश्लेषण गरी लक्षित कार्यक्रम निर्माण गरिनेछ साथै बेरोजगार युवाहरूलाई स्थानीय विकास निर्माणका कार्यहरूमा सहभागी हुन पाउने अवसर सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ ।

६६. युवाहरूको आवश्यकता र रुचिको आधारमा विभिन्न सिपमूलक तालिम, गोष्ठी तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरी रोजगारी र उद्यमशीलतामा अग्रसर बनाउँदै युवाहरूलाई व्यवसायिक कृषि र पशुपालनतर्फ आकर्षण बढाउन विभिन्न प्रेरणादायी कार्यक्रम र सहुलियतपूर्ण नीति लागू गरी उत्पादनमूलक कार्यमा लगाइनेछ ।

***(ग) पूर्वाधार विकास तर्फः***

**अ. सडक पूर्वाधार र विकासः**

६७. यातायात गुरुयोजना (MTMP) र आवधिक योजनामा आधारित प्राथमिकताका सडकहरुमा बजेट विनियोजन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६८. जोखिमयुक्त स्थानमा आवश्यक सावधानी अपनाउने संकेत तथा कोडहरुको प्रयोग गरी हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न आवश्यक व्यवस्था गरिनेछ । गाउँपालिका भित्रका मुख्य, सहायक तथा कृषि सडकहरूको स्तरोन्नती र नामाकरण गर्दै क्रमशः कालोपत्रे कार्यक्रम अघी बढाइनेछ ।

६९. **"समृद्ध सियारीको आधार, गुणस्तरीय पूर्वाधार"** को अभियानलाई सार्थक बनाउन सडक, सिंचाइ, खानेपानी, शिक्षा, स्वास्थ्य तथा आर्थिक पूर्वाधारको सन्तुलित विकासमा विशेष जोड दिइनेछ साथै आवश्यक स्थानहरूमा पुल, कल्भर्ट तथा नाली निर्माण गरी यातायात आवागमनलाई सुरक्षित र सहज बनाइनेछ ।

७०. सुरक्षित तथा गुणस्तरीय खानेपानीमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने लक्ष्यका साथ नयाँ आयोजना सञ्चालन तथा पुराना आयोजनाहरूको स्तरोन्नति गर्दै व्यवस्थित ढल तथा सरसफाइ पूर्वाधार निर्माण गरी स्वच्छ र स्वस्थ गाउँपालिका निर्माणमा जोड दिइनेछ।

७१. पुर्वाधार विकासलाई केवल निर्माणमा सीमित नराखी गुणस्तर, दिगोपन, पारदर्शिता र जनसहभागितामा आधारित बनाउँदै सार्वजनिक तथा निजी भवन संरचनाहरूलाई भूकम्प प्रतिरोधी मापदण्ड अनुसार निर्माण गरिनेछ साथै जलवायु परिवर्तन अनुकूल पूर्वाधार निर्माणलाई प्राथमिकता गरिनेछ ।

७२. सियारी गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको सियारी पर्यटन करिडोरको ट्र्याक खोल्ने कार्यलाइ निरन्तरता दिँदै ट्र्याक खोलीएका सडकको मर्मत तथा कालोपत्रे गर्ने कार्यालाई अगाडि बडाइनेछ साथै सार्वजनिक जग्गा संरक्षणको लागि पार्क निर्माण तथा हरियाली बगैचा निर्माण कार्यलाई अगाडी बढाउने नीति लिईनेछ ।

७३. निर्माण भइसकेका सडकहरू भत्किएर अलपत्र हुन नदिन र तत्काल खाल्डाखुल्डी पुर्नका लागि 'सडक मर्मतसम्भार कोष' लाई थप व्यवस्थित गरी **'मर्मतसम्भार टोली'** परिचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

**आ. भवन तथा सहरी विकासः**

७४. सामुदायिक भवन, शैक्षिक संस्था, स्वास्थ्य चौकी लगायतका नयाँ संरचनाहरु भूकम्प प्रतिरोधात्मक, अपाङ्गमैत्री र बातावरणमैत्री हुने गरी निर्माण गरिनेछ ।

७५. निर्माण कार्यमा राष्ट्रिय भवन संहिताको पूर्ण पालना गर्दै नयाँ भवनको नक्सा स्वीकृति तथा पुराना घरको अभिलेखिकरणलाई सूचना प्रविधिको समेत प्रयोग गरि थप व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७६. नागरिकको स्वस्थ जीवनयापनको लागि उपर्युक्त स्थानहरुमा खुल्ला ब्यायामशालाको निर्माण कार्य थप विस्तार गरिनेछ ।

**इ. उर्जा र संचार सम्बन्धीः**

७७. आवश्यकता अनुसार साझेदारीमा विद्युतीय चुलो वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

७८. उज्यालो सियारी' सडक बत्ती कार्यक्रमः मुख्य बजार क्षेत्र, चौबाटो र व्यस्त सडक खण्डहरूमा दुर्घटना र अपराध न्यूनीकरणका लागि हाई मास्ट/मिनीमास्ट बत्ती र लिङ्क रोडहरूमा स्मार्ट सौर्य/एलईडी सडक बत्ती जडान गर्ने व्यवस्था मिलाईनेछ ।

**ई. मर्मत संभार तथा हेरचाह प्रणालीः**

७९. मुख्य सडकमा सडकको मर्मत संभार गर्नको लागि लेन्थ वर्कर र आकस्मिक मर्मतको लागि मर्मत संभार गर्ने नीति लिइनेछ साथै गाउँपालिकाका मुख्य सडकहरुमा जडान भएका सडक बत्तिहरुको नियमित मर्मत संभार तथा विस्तारको लागि पालिकामा इलेक्ट्रिसियनको व्यवस्था मिलाईनेछ ।

८०. गाउँपालिका संचालनमा रहेका तथा निर्माण गरिएका विभिन्न सिंचाई कुलोहरुलाई मर्मत संभार गरी कृषि जमिनलाई सिंचित गर्ने व्यवस्था मिलाई ट्वूवेल, वोर वितरण गर्ने कार्यलाई निरुत्साहन गरिनेछ ।

८१. योजना कार्यान्वयनमा समन्वय, सहकार्य र अपनत्व सृजना गर्न स्थानीय टोल विकास संस्था, निर्माण व्यवसायी र गाउँपालिकाका प्राविधिकहरुको सहकार्यमा निर्माण कार्यको सुरुवात गर्ने व्यवस्था मिलाईनेछ ।

८२. पालिकाभित्र संचालन भएका विभिन्न पूर्वाधार निर्माणको कार्यमा गुणस्तरीयता कायम गर्न, तोकिएको समयमा सम्पन्न गर्न र नागरिकलाई सूसुचित गर्न रु ५ लाख सम्मको योजना वडा कार्यालय मार्फत र सो भन्दा बढी रकमको योजना गाउँपालिकाको अनुगमन समितिबाट योजना अनुगमन गर्ने व्यवस्था मिलाईनेछ । यसरी खटिने अनुगमन टोलिमा संचारकर्मी तथा राजनीतिकदल एवं नागरिक समाजको समेत प्रतिनिधित्व हुने व्यवस्था मिलाईनेछ ।

*(घ) <u>वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः</u>*

**अ. वन सम्बन्धी नीतिः**

८३. सामुदायिक वनको संस्थागत विकासका लागि आवश्यक नीति कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ

८४. पालिका क्षेत्र भित्र पर्ने संघीय तथा प्रादेशिक सडकको दायाँ बाँया आयमुलक प्रजातिका बोट विरुवाको रोपण गर्ने कार्यलाई प्राथमिकता दिई हरियाली क्षेत्रको विस्तारमा जोड दिइनेछ ।

८५. पालिका क्षेत्र भित्र भएका सार्वजनिक जग्गाको नापि र भूमि प्रशासन कार्यालयसँग समन्वय गरी छानविन गरिनेछ ।

**आ. वातावरण सम्बन्धी नीतिः**

८६. विकास निर्माणका कार्य गर्दा वातावरणमैत्री विकासमा जोड दिइनेछ । जलवायु अनुकूलनका कार्यक्रम संचालन गरिनेछ ।

८७. धार्मिक स्थल, बजार क्षेत्र, टोल वा अन्य सार्वजनिक क्षेत्रमा फोहोरमैला फाल्न पूर्ण रुपले प्रतिवन्ध लगाइ त्यस्ता स्थानहरुमा फोहर फाल्नेलाई दण्ड जरिवानाको व्यवस्था गर्दै फोहोरमैला व्यवस्थापन प्रणालीलाई प्रभावकारी वनाइनेछ साथै फोहोरलाई मोहोरमा परिणत गरी गाउँपालिकाको आन्तरिक आयमा मद्दत पुर्याउने बारे आवश्यक अध्ययन गरिनेछ ।

८८. सफा टोल स्वस्थ समाज अभियान संचालन गर्दै टोलटोलमा टोलविकास संस्था मार्फत सरसफाई अभियान संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

८९. बातावरण संरक्षण, जलबायु परिवर्तन लगायतका विषयहरुमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरी स्थानीयलाई यस विषयमा थप जिम्मेवारी बनाउने नीति लिइनेछ ।

९०. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ ।

९१. पानीको स्रोत संरक्षणको लागि आवश्यकता अनुसार उपयुक्त स्थानहरु छनौट गरी पुनर्भरण पोखरीहरु निर्माण गर्ने नीति लिईनेछ ।

९२. ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एंव अवैज्ञानिक दोहनलाई निरुत्साहित गरिनेछ ।

**इ. विपद् व्यस्थापन सम्बन्धी नीतिः**

९३. विपद् जोखिम न्यूनिकरणको लागि जोखिम क्षेत्र, बस्तीको नक्साङ्कन गरी आवश्यक व्यवस्था मिलाउँदै प्राकृतिक तथा गैर प्राकृतिक विपद् जोखिम न्यूनिकरण गर्न विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी कार्यान्वयन गरिनेछ साथै विपद् पूर्व तयारीको लागि गाँउपालिकामा रहेको आपत्कालिन कार्य संचालन केन्द्र, वडा कार्यालय, टोल विकास संस्थाहरु तथा प्रहरी चौकीमा आवश्यक विपद् सामाग्रीहरुको व्यवस्था मिलाइनेछ ।

९४. भूकम्पीय जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

९५. प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण धनजनको क्षति पुगेका व्यक्तिहरुलाई गाउँपालिकाबाट प्रदान गरिने सहायता छिटो छरितो रुपमा उपलब्ध गराइ पुन निर्माण र पुन स्थापनाको कार्यमा सहयोग गरिनेछ साथै विपद् सहायताको वडागत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

९६. विपद् व्यवस्थापन लगायतका कार्यहरुमा स्थानीय समुदाय, रेडक्रस, नगर प्रहरी, स्थानीय प्रशासन, सुरक्षा निकायहरु, स्काउट लगायतका संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

९७. सशस्त्र प्रहरी बल (APF) सँग आवश्यक समन्वय गरी नगर प्रहरी, पालिका भित्रका स्थानीय युवा र कक्षा (८-१२) का विद्यार्थीलाई विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

*(ङ) सुशासन तथा संस्थागत विकास तर्फः*

९८. **सबल, सक्षम र सुशासनयुक्त स्थानीय सरकारको** नीति अवलम्बन गर्दै भ्ष्ट्राचारमा शून्य सहनशीलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाउँदै गाउँपालिकाको सुशासन, आर्थिक तथा सामाजिक विकास तथा सेवा प्रवाह लगायतका विषयहरुलाई अन्तराष्ट्रिय गुणस्तर चिन्ह ISO Certify प्राप्त गर्नको लागि आवश्यक पहल गरिनेछ ।

९९. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पादन गर्न, कर्मचारीलाई जवाफदेही बनाउन, कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुको कार्य सम्पादन करार सम्झौता गरि नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१००. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई तोकिएको समयमै कार्यान्वयन गर्न, स्थानीय शासन कार्य सम्पादनसँग तादम्यता हुने गरी शाखा प्रमुखले भाद्र १५ गते भित्र अनिवार्य कार्ययोजना निर्माण गरी स्वीकृतिको लागि पेश गर्ने व्यवस्था मिलाईनेछ । कार्ययोजना बमोजिम शाखा प्रमुख, वडा सचिव र सम्बन्धित कर्मचारीको त्रैमासिक रुपमा मूल्याङ्कन गरी प्राप्त नतिजा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।

१०१. शाखा प्रमुख तथा कर्मचारीहरुले दैनिक रुपमा सम्पादन गरेको कार्यलाई online system मा प्रविष्ट गर्ने व्यवस्था मिलाई कार्य सम्पादनको मापन गर्ने व्यवस्था मिलाईनेछ । कार्य सम्पादन र कार्ययोजनाको नतिजाको आधारमा कर्मचारीलाई प्रोत्साहनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१०२. गाउँपालिका तथा वडा कार्यालयमा नागरिक सहायता कक्ष संचालन गरी नागरिकलाई सहज र सुलभ रुपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०३. गाउँपालिका भित्रका मूख्य सडक, प्रमुख व्यापारीक क्षेत्र तथा महत्वपूर्ण सार्वजनिक स्थानहरुमा निगरानी तथा सुरक्षा व्यवस्थापनका लाग सि.सि.टि.भी./ANPR प्रणालीको जडान गर्ने व्यवस्था मिलाइनेछ ।

१०४. गाउँपालिकाको नगर प्रहरीलाई विपद् व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक जग्गा अतिक्रमण रोक्न, गाउँपालिकाका विभिन्न नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न, न्यायिक समितिबाट भएका फैसलाहरु कार्यान्वयन गर्न तथा अन्य तोकिएका कार्यहरु सम्पादनको लागि परिचालन गरिनेछ ।

१०५. गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट संचालन हुने विभिन्न कृयाकलापहरुको बारेमा आम नागरिकलाई सु-सूचित गर्दै पारदर्शिता र जनउत्तरदायी सरकारको भावना जागृत गराउन **सार्वजनिक परीक्षण, व्यवस्थापन परिक्षण, नागरिक सन्तुष्टी सर्भेक्षण, सार्वजनिक सुनुवाई** तथा **जनतासँग स्थानीय सरकार** रेडियो कार्यक्रम संचालन गरिनेछ ।

१०६. गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराईने सबै किसिमका सेवा प्रवाहमा वडास्तर देखि नै फाइलहरुको अवस्थाको बारेमा जानाकारीको लागि फाइल ट्र्याकिङ सिस्टम लागू गरिनेछ ।

१०७. गाउँपालिकाको जनशक्ति व्यवस्थापनको लागि संगठन तथा व्यवस्थापन परीक्षण प्रतिवेदन (O&M Survey) गरी सम्बन्धित निकायबाट स्वीकृत गरिनेछ ।

१०८. राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि र पदाधिकारीमा आध्यात्मिकता र योग, ध्यान र सकारात्मक सोँच, व्यावहारिक अभ्यास मार्फत् नैतिकता, सदाचार र निष्ठायुक्त संस्कृतिको प्रवर्द्धन गर्दै लगिनेछ।

१०९. LGPAS, GESI Audit, वित्त आयोगको मूल्याङ्कन तथा अन्य मूल्याङ्कन सूचकबाट सिकाई प्राप्त गरी समग्र कार्यसम्पादन सुधारको लागि कार्यविधीले निर्दिष्ट गरेका विषय क्षेत्रहरु, सूचक र मापदण्डहरुलाई प्रभावकारी कार्यान्वयन गरी सियारी गाउँपालिकालाई उत्कृष्ट तथा सवल गाउँपालिकाको रुपमा स्थापित गरिनेछ।

११०. राष्ट्रसेवक कर्मचारीलाई व्यावसायिक, सिर्जनशील, उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन गाउँपालिकाको हित र विकासको लागि अहोरात्र खटिने कर्मचारीहकरुको वृत्ति र नविन सिकाइ अनुकरणका लागि अन्तर स्थानीय तह अन्तरक्रिया तथा असल अभ्यास आदान-प्रदान कार्यक्रम संचालन गरिनेछ।

१११. गुनासो सुनुवाई इकाईको माध्यमबाट जनगुनासोलाई समयमै व्यवस्थापन गर्ने कार्य लाई थप प्रभावकारी बनाइनेछ । जनतालाई घरदैलोमा एकीकृत रुपमा सेवा दिन घुम्ती सेवा शिविर सञ्चालन गरिनेछ ।

११२. गैरसरकारी संघ/संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको लागि गाउँपालिकाबाट अनुमति लिनु पर्ने र गाउँपालिकाको नीति अनुरुप कार्यक्रम सञ्चालन गर्ने गरी एकद्वार नीति अवलम्वन गरिनेछ।

११३. अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहकार्य सहयोग परिचालन गरिनेछ । स्थानीय तहहरु विच प्राकृतिक स्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालिन सेवा व्यवस्थापन जस्ता विषयहरुमा सहकार्य र समन्वय गर्दै अन्तर सरकारी समन्वय र सहजीकरण गर्न गाउँपालिकामा संरचना गठन गरिनेछ। गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय तहहरुसँग समन्वयात्मक बैठक वसी साझा सरोकारका विषयमा छलफल गरी आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

११४. स्थानीय विवाद स्थानीयस्तरमै निरुपण गरी **सुखी र खुसी नागरिक** बनाउन तथा न्यायसेवा छिटो छरितो बनाउन टोलटोलमा कानूनी साक्षरता कार्यक्रम संचालन गर्दै वडास्तरमा रहने मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित रुपमा संचालन गरिनेछ।

११५. **हाम्रो र राम्रो पूर्वाधार** भन्ने अभियान संचालन गरी सार्वजनिक संरचनाहरुको संरक्षणमा **टोल विकास संस्था**हरुलाई परिचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

११६. वडा कार्यालयको सहयोगी संस्थाको रुपमा रहने टोल विकास संस्थाको क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै वडामा संचालन हुने साना खालका विकास निर्माण लगायतका सामाजिक कार्यहरु टोल विकास संस्था मार्फत गर्ने व्यवस्था मिलाईनेछ ।

११७. गाउँपालिकाबाट सम्पादित हुने हरेक कार्यहरुमा अधिकतम सूचना प्रविधिको प्रयोग गरी **विधुतीय सुशासनको** नीति अवलम्बन गर्दै सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिनेछ साथै नागरिक मैत्री सेवा प्रवाह सुनिश्चितताको लागि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा विद्युतीय हाजिरीलाई थप व्यवस्थित गरिनेछ।

११८. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन गरेका विभिन्न कार्यहरु आम नागरिकलाई जानकारी गराउन गाउँपालिकाको वेभसाईटमा पालिका खबर news portal विकास गर्दै मासिक प्रगती विवरणहरु सार्वजनिक गर्दै हरेक कार्यमा पारदर्शिता कायम गरिनेछ ।

११९. कर्मचारीहरुको योग्यता, क्षमता, कार्यदक्षता,सीप र अनुभवलाई कार्य सम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाई राख्न आवश्यक मापदण्ड बनाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा कार्य सम्पादनमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ।

१२०. कार्य सम्पादनको आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीति लिईनेछ साथै सेवाहरुको सूचकको आधारमा उत्कृष्ट वडा कार्यालय छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

१२१. कर्मचारीहरुको कार्यदक्षता तथा कार्यानुभवको लागि अन्तर शाखा तथा एक स्थानबाट अर्को स्थानमा जिम्मेवारी दिई खटन पटन गर्ने नीति लिइनेछ।

१२२. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाको समृद्धि र वृहत्तर विकासमा समाहित गर्दै लगिनेछ।

१२३. गाउँपालिकाको समानुपातिक विकासका लागि वडाको भूगोल, जनसंख्या, सेवा प्रवाह र आन्तरिक आम्दानीको आधारमा आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।

१२४. गाउँपालिकाको वास्तविक वस्तुस्थितिको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गरिनेछ।

१२५. गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकिकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । गाउँपालिकाका बाँकी वडाहरुमा पुनः नापीको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१२६. शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उद्योग, सौर्य उर्जा, विद्युत, सडक तथा विभिन्न पूर्वाधार निर्माणको लागि गाउँपालिकाको हित अनुकूल सार्वजनिक, निजी र साझेदारी (PPP) मा काम गर्ने नीति लिईनेछ।

१२७. जनता, राजनीतिक दल, जनप्रतिनिधि र कर्मचारीको सुमधुर सम्बन्ध स्थापित गरी विधिको शासन मार्फत नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाउँदै सुशासन कायम गरिनेछ।

१२८. गाउँपालिकाबाट उपलब्ध गराउने आर्थिक सहायतालाई पारदर्शी र वास्तविक पीडितलाई उपलब्ध गराउन रोगको वर्गीकरण सहितको कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ र यसरी आर्थिक सहायता उपलब्ध गराएका नागरिकको विवरण गाउँपालिकाको वेबसाईट मार्फत सार्वजनिक गरिनेछ।

१२९. गाउँसभा बाट स्वीकृत बजेट तथा कार्यक्रमहरुको नियमानुसार प्रत्येक आर्थिक वर्ष महालेखा परीक्षकको कार्यालयबाट लेखापरिक्षण गराई देखिन आएको बेरुजु सम्परीक्षण गरी आर्थिक अनुशासन कायम गरिनेछ।

१३०. गाउँपालिकामा रहेका सार्वजनिक सम्पत्तीहरुको खोजी गरी त्यस्ता सम्पत्तीको अतिक्रमण, दुरुपयोग गरेको पाईएमा गाउँपालिकामा गोप्य रुपमा सूचना दिने व्यक्तिलाई यथोचित पुरस्कार दिने व्यवस्था मिलाईनेछ ।

१३१. स्थानीय सरकारको सेवा प्रवाह, विकास निर्माण लगायतका कार्यहरुको सुक्ष्म विश्लेषण तथा अनुगमन गरी जनताप्रति उत्तरदायी बनाउन पालिकास्तरीय नागरिक निगरानी समूह गठन गरिनेछ ।

यस नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सहयोग गर्नुहुने उपाध्यक्ष सहितसम्पूर्ण कार्यपालिका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, राजनीतिक दल, गाउँपालिकाका विद्वत वर्ग, हामीलाई विभिन्न क्षेत्रबाट रायसुझाव उपलब्ध गराउनु हुने व्यक्तित्वहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्णराष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, पत्रकार र सम्पूर्ण गाउँपालिकाकाबासी सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा हरपल साथ सहयोग र सहकार्य गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै बिदा हुन चाहन्छु। धन्यवाद, नमस्कार। जय सियारी

थानेश्वर घिमिरे
अध्यक्ष

**मिति २०८३।०३।०३ गते**